# सामुदायिक विद्यालयका दलित विद्यार्थीहरूको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभाग
स्नात्तकोत्तर तह एम.एड द्वितीय वर्षको आंशिक पाठ्यभार
पूरा गर्नको लागि प्रस्तुत

शोधपत्र


शोधकर्ता

शान्ता शर्मा

त्रि.वि.दर्ता नं. : २२८१७-८८

परीक्षा रोल नं. : २४०००४६



त्रिभुवन विश्वविद्यालय शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन


फाल्गुन, २०६७

शिक्षा योजना तथा व्यवस्थापन विभाग

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तहका शोधकर्ता शान्ता शर्माले **सामुदायिक विद्यालयका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजबाट तयार पारिएको यस अध्ययनबाट म सन्तुष्ट छु र यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

सहायक प्राध्यापक

जयकृष्ण शर्मा

(शोधनिर्देशक)

शिक्षा योजना तथा व्यवस्थापन विभाग

सप्तगण्डकी बहुमुखी क्याम्पस

भरतपुर, चितवन

मितिः २०६७/१०/१४

शिक्षा योजना तथा व्यवस्थापन विभाग

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सप्तगण्डकी बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विभागको स्नातकोत्तर तहका शोधकर्ता शान्ता शर्माद्वारा प्रस्तुत **सामुदायिक विद्यालयमा अध्ययनरत दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धी अभिवृद्धिमा छात्रवृत्तिको प्रभावकारिता** शीर्षकको यो शोधपत्र मूल्याङ्कनका लागि स्वीकार गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| | | | |
|---|---|---|---|
| १. | उप प्रा. श्री कुवेरनाथ शर्मा | विभार्गी प्रमुख | ........................... |
| २. | सहायक प्रा. जयकृष्ण शर्मा | शोधनिर्देशक | ........................... |
| ३. | | बाय परीक्षक | ........................... |

मितिः २०६७/ /

# कृतज्ञता


त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय शिक्षा योजना तथा व्यवस्थापन विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिको लागि **सामुदायिक विद्यालयका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव** नामक शोधपत्र तयार पारिएको छ । शिक्षाको मूल धारमा समावेश हुन नसकेका वर्ग र समुदायका मानिसहरुलाई आर्थिक एवम् प्राविधिक सहयोग गरी उनीहरुको शिक्षा प्राप्तिको आधार सुनिश्चित गर्ने उद्देश्यले राज्यले विभिन्न किसिमका छात्रवृत्ति कोषको स्थापना गरी लक्षित समूहका विद्यार्थीलाई प्रदान गर्दै आएको छ । वि.सं. २०५२/०५३ देखि दलित छात्रवृत्ति कोषको स्थापना गरी वर्तमान समयमा सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत उक्त कोषबाट आधारभूत तह (कक्षा १-८) मा अध्ययन गर्ने सम्पूर्ण दलित विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिन्छ । उक्त छात्रवृत्तिको प्रभाव कस्तो र्यो ? यसको समस्याहरु केके हुन् ? र समस्या समाधानका उपायहरु केके हुन सक्छन् ? त्यसको खोजी गर्ने उद्देश्यले यो शोधपत्र तयार गरिएको छ ।

शोधपत्रलाई तयार पार्ने क्रममा आफ्नो अमूल्य समय खर्चेर मार्ग दर्शन गर्नुहुने यस क्याम्पसका सहायक प्राध्यापक तथा शोधनिर्देशक जयकृष्ण शर्माज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै आवश्यक सरसल्लाह, सुझाव र निर्देशनमार्फत सहयोग गर्नुहुने यस क्याम्पसका शिक्षाशास्त्र सङ्काय विभागीय प्रमुख तथा शोधसमितिका संयोजक उपप्राध्यापक कुवेरनाथ शर्मा, उपप्राध्यापक रमाकान्त सापकोटा, उपप्राध्यापक देनप्रसाद लामिछानेप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

आवश्यक सूचनाहरु उपलब्ध गराएर सहयोग गर्नुभएका अध्ययनक्षेत्रका विद्यालयका प्र.अ.हरु, विभिन्न समितिका पदाधिकारीहरु, शिक्षकहरु, अभिभावकहरु एवम् विद्यार्थीहरुका साथै सन्दर्भसामग्री जुटाउन र शोधकार्य सम्पन्न गर्न उत्प्रेरित गर्नुहुने मित्र उमा शर्मा, जीवनसाथी नेत्रनाथ अधिकारी, छोरीहरु अस्मिता एवम् आस्थालाई समेत धन्यवाद नदिइरहन सक्दिन ।

अन्त्यमा यो शोधपत्रलाई कम्प्यूटर टाइप, प्रिन्ट गरी सहयोग गर्नुहुने शिशिर रेग्मी र सुजु फोटोकपीलाई पनि धन्यवाद दिन चाहन्छु ।

शान्ता शर्मा

# शोधसार

सामुदायिक विद्यालयहरुमा सरकारी एंव गैरसरकारी क्षेत्रबाट छात्रवृत्ति कार्यक्रम मार्फत गरिएको लागनीको ठुलो हिस्सा दलित विद्यार्थीहरुमा परेको पाइएको छ । उक्त छात्रवृत्तिको कार्यक्रमले दलित विद्यार्थीहरुमा परेको प्रभावको लेखाजोखा गर्ने मुख्य उद्देश्यका साथ **सामुदायिक विद्यालयका दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव** नामक शोधपत्र तयार गरिएको हो ।

यो शोधकार्य गुणात्मक प्रकृतिको छ । छात्रवृत्तिको प्रभाव मापन गर्ने उद्देश्य पुर्ति गर्न द्धितिय स्रोतवाट संख्यात्मक तथ्याङ्कहरु संकलन गरी तथ्याङ्क शास्त्रीय विधिबाट विश्लेषण गरिएको छ भने विद्यार्थीहरुको शैक्षिक उपलब्धिका चुनौतीहरु र उपलब्धि वृद्धिका उपायहरु पहिचान गर्न प्रश्नावलीवाट प्राप्त गुणात्मक तथ्याङ्कको विश्लेषण गरी व्याख्यात्मक एंव वर्णनात्मक विधिद्वारा प्रस्तुत गरिएको छ ।

प्रश्नावली र स्थलगत सर्वेक्षण फारमलाई अध्ययन साधनको रुपमा निमार्ण गरी प्राथमिक र द्धितिय दुबै स्रोतबाट तथ्याङ्कहरु संकलन गरिएको छ ।

छात्रवृत्ति प्राप्त गरेका दलित विद्यार्थीहरु र छात्रवृत्ति प्राप्त नगरेका जनजाती विद्यार्थीहरुको शैक्षिक उपलब्धिको मापन गर्ने सुचकको रुपमा भर्ना, कक्षा छाड्ने, दोहोऱ्याउने, उत्तीर्ण हुने, प्रा.वि. तह पार गर्ने दर र सिकाई उपलब्धिस्तरको श्रेणिकरणलाई लिइएको छ । दुबै समुहका विद्यार्थीहरुको शैक्षिक उपलब्धिको लेखाजोखा गर्ने क्रममा भर्नादर वाहेक कक्षा छाड्ने, दोहोऱ्याउने, उत्तिर्ण हुने, प्रा.वि. तह पार गर्ने दरका साथै सिकाई उपलब्धि स्तर दलित विद्यार्थीहरुका भन्दा जनजाती विद्यार्थीहरुको राम्रो पाइएको छ । दलितमा सबै र सम्पुर्ण विद्यार्थी मध्येबाट ५९% दलित विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेपनि ५९% नै दलित विद्यार्थीहरुको सिकाई उपलब्धिको स्तर अत्यन्त न्युन रहेको पाइएको छ । तुलनात्मक रुपमा सचेत र साक्षर दलित अभिभावकका बच्चा बच्चीले भने कक्षामा राम्रो स्थान ल्याउन सफल भएको पाइएको छ । दलित विद्यार्थीहरुको शैक्षिक उपलब्धिका चुनौतिको रुपमा तल्लो स्तरको चेतना, जातिय विभेद, गैर शैक्षिक घरायसी वातावरण, आर्थिक विपन्नता, शिक्षा प्रणालीमा रहेको दोष, सरकारी विद्यालयहरुको खस्कदो गुणस्तरलाई ठहर गरिए पनि चेतनास्तर वृद्धिले सबै चुनौतीहरुसँग मुकाविला

गर्न सक्ने ठहर समेत गरिएको छ । दलितहरुमा आर्थिक पूँजी भन्दा पनि संस्कारगत पूँजीको अभाव भएको पाइएको छ ।

दलित विद्यार्थीका अभिभावक समेतमा शैक्षिक जागरण तथा शैक्षिक सचेतना अभिवृद्धि नगर्दा सम्म उनीहरुलाई जतीसुकै अवसर दिएपनि त्यसको सदुपयोग नहुने हुनाले राजनैतिक, साँस्कृतिक, आर्थिक, प्रजातान्त्रीक आन्दोलन मार्फत उनीहरुलाई सचेत पारे पछि मात्रै शैक्षिक अवसरको सदुपयोग हुने निष्कर्ष निकालिएको छ ।

वर्तमान समयमा भर्ना भएका सबै दलितले छात्रवृत्ति पाए पनि ३०% ले मात्रै छात्रवृत्तिको कारणले पढाईमा निरन्तरता दिन सकेको बताएकाले धनी दलित र गरीब दलितको पहिचान गरी गरीबलाई मात्रै छात्रवृत्ति दिने निति बनाउनु पर्ने वितरित छात्रवृत्तिको सदुपयोग गराउन अनुगमनलाई जोडदिनु पर्ने र छात्रवृत्ति प्राप्त गर्नेहरुले पनि छात्रवृत्तिको प्राप्तीलाई जातीय अधिकार नभएर शैक्षिक स्तर वृद्धिको लागि दिइएको एउटा अवसरको रुपमा बुझ्नु पर्ने सुझाव समेत सिफारीस गरिएको छ ।

# विषयसूची

सिफारिस-पत्र I

स्वीकृति-पत्र II

कृतज्ञता III

शोधसार IV

विषय सूची VI

संक्षिप्त शब्द सूची VIII

परिच्छेद एक : परिचय

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन ४

१.३ अध्ययनको औचित्य ६

१.४ अध्ययनको उद्देश्य ७

१.५ शोध प्रश्नहरू ७

१.६ अध्ययनका परिसीमाहरु ७

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन ९

२.२ सैद्धान्तिक खाका १२

२.३ सम्बन्धित साहित्यको शैक्षिक उपादेयता १६

परिच्छेद  तीन : अध्ययन विधि


३.१ अनुसन्धान ढाँचा १७

३.२ जनसंख्या र नमूना छनौट १७

३.३ अध्ययन साधनको छनौट र परीक्षण १८

३.४ तथ्याङ्कका स्रोतहरु १९

३.५ तथ्याङ्क संकलन प्रक्रिया १९

३.६ तथ्याङ्कको व्याख्या तथा विश्लेषण २०


परिच्छेद चार : तथ्यांकको व्याख्या र विश्लेषण


४.१ दलित विद्यार्थीको शैक्षिक उपलब्धिमा छात्रवृत्तिको प्रभाव २१

४.१.१ छात्रवृत्तिले भर्ना दरमा पारेको प्रभाव २१

४.१.२ कक्षा छाड्ने, दोहोऱ्याउने  र उत्तीर्णदर २२

४.१.३ प्रा.वि.तह पार गर्ने दर २३

४.२ दलित र जनजाती विद्यार्थीहरुको उपलब्धिको तुलना २४

४.२.१. सिकाई उपलब्धि स्तरको श्रेणिकरण २४

४.२.२. विद्यार्थीहरुको कक्षागत स्थान ३०

४.३ दलित विद्यार्थीको शैक्षिक उपलब्धिका चुनौतिहरु ३१

४.४. दलित विद्यार्थीको शैक्षिक उपलब्धि वृद्धि गर्ने उपायहरु ३४


परिच्छेद  पाँच : प्राप्ति, निष्कर्ष र सुझावहरु


५.१ प्राप्ति ४०

५.२ निष्कर्ष ४२

५.३.	सुझाव/ सिफारिसहरु	४३
५.३.१.	केन्द्रीय स्तरको शैक्षिक संगठनका लागि सिफारिस गरिएका सुझावहरु	४४
५.३.२.	जिल्लास्तरको शैक्षिक संगठनका लागि सिफारिस गरिएका सुझावहरु	४५
५.३.३.	विद्यालयलाई सिफारिसहरु गरिएका सुझाबहरु	४५
५.३.४.	छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी र तिनीहरुका अभिभावकहरुका लागि सिफारिस गरिएका सुझावहरु	४६
सन्दर्भ सामाग्री
अनुसूची

# संक्षिप्त शब्दसूची

| | | |
|---|---|---|
| द.ज.अ. | : | दलित जनजाती अन्य |
| नु.सु.मा.वि | : | नुवार सुवेदीथर माध्यामिक विद्यालय |
| वि.क्षे.सु.यो | : | विद्यालय क्षेत्र सुधार योजना |
| SIP | : | School Improvement Plan |
| SSRP | : | School Sector Reform Programme |